# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६७/६८ को चार महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६७/६८ को चार महिनासम्ममा विस्तृत मुद्राप्रदाय ०.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ४.५ प्रतिशतले बढेको थियो । अन्य वित्तीय संस्थाहरुतर्फ सर्वसाधारणको निक्षेप आकर्षित हुन गई बाणिज्य बैंकहरुले परिचालन गर्ने आवधिक निक्षेपको बृद्धि नगण्य रहन गएकोले समीक्षा अवधिमा मौद्रिक विस्तारमा कमी आएको हो ।

२. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रू. ५ अर्ब ३ करोड (२.४ प्रतिशत) ले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रू. १५ अर्ब ७८ करोड (७.० प्रतिशत) ले घटेको थियो । बस्तु निर्यात र विप्रेषण आप्रवाहको बृद्धिमा सुधार आएको र आयात विस्तार नियन्त्रित रहेकोले मौद्रिक क्षेत्रको खुद बैदेशिक सम्पत्तिमा आएको ह्रास अघिल्लो वर्षको सोही अवधिको तुलनामा कम रहेको छ ।

### कुल आन्तरिक कर्जा

३. आर्थिक वर्ष २०६७/६८ को चार महिनासम्ममा कुल आन्तरिक कर्जा २.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ६.३ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा ४.६ प्रतिशतले बढेको छ । अघिल्लो बर्षको सोही अवधिमा सो कर्जा ९.२ प्रतिशतले विस्तार भएको थियो । अनुत्पादक क्षेत्रमा प्रवाहित कर्जालाई नियन्त्रण गर्न चालिएका नीतिगत प्रयास र आयात विस्तारमा संकुचन आएकोले समीक्षा अवधिमा निजी क्षेत्रको कर्जा विस्तारमा कमी आएको हो ।

### वाणिज्य बैंकहरूको निक्षेप परिचालन तथा कर्जा प्रवाहको स्थिति

४. आर्थिक वर्ष २०६७/६८ को चार महिनासम्ममा वाणिज्य बैंकहरूले सर्वसाधारणबाट निक्षेपको रुपमा परिचालित साधन र कर्जा प्रवाहबीच असन्तुलन यथावत रहेको छ । उदाहरणको लागि आर्थिक वर्ष २०६७/६८ को पहिलो चार महिनासम्ममा बाणिज्य बैंकहरुले सर्वसाधारणबाट परिचालन गरेको निक्षेप रू. ४ अर्ब ४६ करोडले घटेको छ । अघिल्लो बर्षको सोही अवधिमा निक्षेप परिचालन रू. १८ अर्ब ९९ करोडले बृद्धि भएको थियो । बाणिज्य बैंकहरुले प्रदान गर्ने व्याजदरभन्दा अन्य वित्तीय संस्थाहरुले प्रदान गर्ने व्याजदर आकर्षक भएकोले निक्षेप त्यतैतर्फ आर्कषित भई बाणिज्य बैंकहरुसँगको निक्षेपमा कमी आएको हो । निक्षेप घटेको विपरित निजी क्षेत्रको कर्जा रु. १९ अर्ब ९४ करोडले वृद्धि भएको छ ।

५. समीक्षा अवधिमा वाणिज्य बैंकहरूको उत्पादन क्षेत्रतर्फको कर्जा रू. ९ अर्ब ४८ करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रू. ३ अर्ब ६२ करोडले बढेको थियो । त्यसैगरी, समीक्षा अवधिमा थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रू. ४ अर्ब ८८ करोडले, निर्माण क्षेत्रतर्फको कर्जा रू. ७६ करोडले र खनिज क्षेत्रतर्फको कर्जा रू. ३७ करोडले बढेको छ । तर, समीक्षा अवधिमा यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रको कर्जा रू. १ अर्ब ५८ करोडले घटेको छ ।

### तरलता व्यवस्थापन

६. आर्थिक वर्ष २०६७/६८ को चार महिनासम्ममा खुला बजार कारोवार अन्तर्गत रू. १६ अर्बको खुद तरलता प्रशोचन भएको छ । समीक्षा अवधिमा बिक्री बोलकबोल मार्फत रू. २ अर्ब र रिभर्स रिपो बोलकबोलमार्फत् रू. १९ अर्ब गरी रू. २१ अर्बको तरलता प्रशोचन भएको छ भने रिपो बोलकबोलमार्फत रू. ५ अर्बको तरलता प्रवाह भएको छ । अघिल्लो वर्षको सोही अवधिमा खुला बजार कारोवार अर्न्तगत बिक्री बोलकबोल र रिभर्स रिपो बोलकबोलबाट गरी रू. ८ अर्ब ४४ करोड तरलता प्रशोचन भएको र रिपो बोलकबोलबाट रू. ३ अर्बको तरलता प्रवाह भएको थियो ।

७. आर्थिक वर्ष २०६७/६८ को चार महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ७६ करोड ८१ लाख खुद खरिद गरी रू. ५५ अर्ब ८७ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ३४ करोड ६४ लाख खुद खरिद गरी रू. २६ अर्ब ५५ करोड खुद तरलता प्रवाह गरेको थियो ।

८. समीक्षा अवधिमा अमेरिकी डलर ७० करोड बिक्री गरी रू. ५१ अर्ब २० करोड बरावरको भा.रू. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर ७१ करोड बिक्री गरी रू. ५४ अर्ब ४८ करोड बरावरको भा.रू. खरिद भएको थियो ।

### अन्तर बैंक कारोवार र स्थायी तरलता सुविधाको उपयोग

९. आर्थिक वर्ष २०६७/६८ को चार महिनासम्ममा वाणिज्य बैंकहरूले कुल रू. ११९ अर्ब ९९ करोड बराबरको अन्तर-बैंक कारोवार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा कुल रू. ९६ अर्ब ९ करोड बराबरको अन्तर बैंक कारोवार भएको थियो । समीक्षा अवधिमा कुल रू. ५१ अर्ब ८१ करोडको स्थायी तरलता सुविधाको उपयोग भएको छ । समीक्षा अवधिमा उपयोग भएको स्थायी तरलता सुविधा अन्तर्गत २०६७ कार्तिक मसान्तमा रू. २ अर्व ४६ करोड वक्यौता रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा रू. १७ अर्व २८ करोड स्थायी तरलता सुविधा उपयोग भएकोमा २०६६ कार्तिक मसान्तमा रू. १ अर्व ७३ करोड वक्यौता रहेको थियो ।

### अल्पकालीन व्याजदर

१०. आर्थिक वर्ष २०६७/६८ को चार महिनामा अल्पकालीन व्याजदरहरु अघिल्लो वर्षको सोही अवधिको तुलनामा उच्च रहेका छन् । उदाहरणको लागि ९१-दिने ट्रजरी विलको भारित औषत व्याजदर अघिल्लो वर्ष ४.६७ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ७.७३ प्रतिशत रह्यो । त्यसैगरी, अन्तरबैंक व्याजदर अघिल्लो वर्ष ९.२२ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ९.७९ प्रतिशत कायम रहेको छ ।

## धितोपत्र बजार

११. नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा २५.० प्रतिशतले घटी २०६७ कार्तिक मसान्तमा ४२४.९ विन्दुमा पुगेको छ । यो सूचकाङ्क २०६६ कार्तिक मसान्तमा ५६६.९ रहेको थियो । बजारमा शेयरको आपूर्ति उल्लेख्य रुपमा बढेकोले शेयरको मूल्यमा गिरावट आएको हो ।

१२. धितोपत्रको बजार पूँजीकरण २०६७ कार्तिक मसान्तमा वार्षिक विन्दुगत आधारमा १२.८ प्रतिशतले घटी रू. ३ खर्ब ६२ अर्ब कायम भएको छ । २०६७ कार्तिक मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २७.४ प्रतिशत रहेको छ । यस्तो अनुपात २०६६ कार्तिक मसान्तमा ३५.१ प्रतिशत रहेको थियो । कुल वजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरुको सबैभन्दा ठूलो हिस्सा रहेको छ । जसअनुसार बैंक तथा वित्तीय संस्थाहरुको ७२.५ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको २.३ प्रतिशत, होटलहरुको १.५ प्रतिशत, व्यापारिक संस्थाहरुको ०.४ प्रतिशत, जलविद्युतको ४.६ प्रतिशत र अन्यको १८.७ प्रतिशत अँश रहेको छ ।

१३. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि ३३.५ प्रतिशत रही २०६७ कार्तिक मसान्तमा रू. ९० अर्ब ०९ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । २०६७ कार्तिक मसान्तसम्ममा रू. ५ अर्ब २७ करोड २५ लाख बरावरको साधारण शेयर, रू. ७१ करोड ९१ लाख बराबरको बोनस शेयर, रू. ३ अर्ब ५९ करोड ७२ लाख बराबरको हकप्रद शेयर र रू. ४ अर्ब ९९ करोड ९ लाख बराबरको सरकारी ऋणपत्र गरी कूल रू. १४ अर्ब ५७ करोड ९७ लाख रकम बराबरको धितोपत्र सूचीकृत भएको छ ।

१४. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएका कम्पनीहरुको संख्या २०६७ कार्तिक मसान्तमा १८६ पुगेको छ । यो संख्या २०६६ कार्तिक मसान्तमा १६३ रहेको थियो । हाल सूचीकृत कम्पनीहरुमध्ये १५४ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत), १८ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ४ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

## मुद्रास्फीति र तलब तथा ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

१५. आर्थिक वर्ष २०६७/६८ को चार महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ८.४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ९.१ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क १३.३ प्रतिशतले र गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क ४.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरुको मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः १६.६ प्रतिशत र ३.१ प्रतिशत रहेको थियो ।

१६. समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये मसलाको वार्षिक विन्दुगत मूल्य सूचकाङ्कको वृद्धिदर सबैभन्दा बढी अर्थात ३४.९ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप–समूहको मूल्य सूचकाङ्कमा १९.० प्रतिशतले मात्र वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा ५०.३ प्रतिशतले वृद्धि भएको चिनी तथा मिठाईको मूल्य सूचाकाङ्क समीक्षा अवधिमा २८.८ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, समीक्षा अवधिमा तरकारी, खाद्य तथा खाद्यजन्य पदार्थ र रेष्टुरेण्ट तथा होटल उप–समूहको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क क्रमशः १५.९ प्रतिशत, १५.४ प्रतिशत र १५.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर क्रमशः ४५.४ प्रतिशत, ७.६ प्रतिशत र १९.७ प्रतिशत रहेको थियो । त्यसैगरी, समीक्षा अवधिमा दुग्ध उत्पादन, माछामासु र सुर्तिजन्य पर्दाथको मूल्य सूचकाङ्क क्रमशः १४.३ प्रतिशत, १२.९ प्रतिशत र ८.१ प्रतिशतले बृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर क्रमशः ८.६ प्रतिशत, २१.३ प्रतिशत र ११.७ प्रतिशत रहेको थियो । तर, अघिल्लो वर्षको सोही अवधिमा २८.९ प्रतिशतले वृद्धि भएको दाल तथा गेडागुडीको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा ९.८ प्रतिशतले ह्रास आएको छ ।

१७. समीक्षा अवधिमा गैर-खाद्यवस्तु तथा सेवा समूहका वस्तुहरुमध्ये कपडा तथा जुत्ता चप्पलको मूल्य सूचकाङ्कमा १०.० प्रतिशतले वृद्धि आएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ८.२ प्रतिशतले मात्र वृद्धि भएको थियो । त्यस्तै, समीक्षा अवधिमा यातयात र घरायसी उपभोग्य सामानहरुको मूल्य सूचकाङ्कमा ७.८ प्रतिशत र ७.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी शिर्षकहरुको मूल्य सूचकाङ्कमा ८.७ प्रतिशत र ३.६ प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा दुरसञ्चार एवं संस्कृति तथा मनोरञ्जन क्षेत्रको मूल्य सूचकाङ्कमा ९.५ प्रतिशत र २.८ प्रतिशतले ह्रास आएको छ ।

१८. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा सबैभन्दा बढी काठमाडौं उपत्यकामा ११.५ प्रतिशत, पहाडमा ९.४ प्रतिशत र तराईमा ५.८ प्रतिशतले मूल्य सूचकाङ्क वृद्धि भएको छ । अघिल्लो

वर्षको सोही अवधिमा यस्तो वृद्धिदर क्रमशः ८.५ प्रतिशत, ९.४ प्रतिशत र ९.३ प्रतिशत रहेको थियो ।

## थोक मुद्रास्फीति

१९. समीक्षा अवधिमा राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर ७.४ प्रतिशत रहेको छ । अघिल्लो बर्षको सोही अवधिमा यस्तो वृद्धिदर १६.९ प्रतिशत रहेको थियो । थोक मूल्य अन्तर्गतका कृषिजन्य वस्तु र स्वदेशी उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क क्रमशः ७.३ प्रतिशत र ७.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको थोकमूल्य सूचकाङ्क क्रमशः ३४.९ प्रतिशत र ८.० प्रतिशतले वृद्धि भएको थियो । यसैगरी अघिल्लो बर्षको सोही अवधिमा ५.५ प्रतिशतले ह्रास भएको आयातित वस्तुहरुको थोकमूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा ७.५ प्रतिशतले वृद्धि आएको छ ।

२०. समीक्षा अवधिमा कृषिजन्य वस्तुहरुमध्ये मसलाको वार्षिक विन्दुगत थोकमूल्य सूचकाङ्क सबैभन्दा बढी अर्थात ४२.९ प्रतिशतले बढेको छ । अघिल्लो बर्षको सोही अवधिमा उक्त सूचकाङ्क ३६.६ प्रतिशतले वृद्धि भएको थियो । यसैगरी, समीक्षा अवधिमा खाद्यान्न, फलफूल र तरकारी तथा पशुजन्य उत्पादनको वार्षिक विन्दुगत थोकमूल्य सूचकाङ्क क्रमशः २१.१ प्रतिशत, १२.२ प्रतिशत र १८.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको वार्षिक थोकमूल्य सूचकाङ्क क्रमशः १४.९ प्रतिशत, २२.४ प्रतिशत र ३३.३ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो बर्षको सोही अवधिमा ११६.३ प्रतिशतले वृद्धि भएको नगदेवालीको थोकमूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा ३०.७ प्रतिशतले ह्रास आएको छ ।

२१. समीक्षा अवधिमा स्वदेशमा उत्पादित वस्तुहरुमध्ये खाद्यजन्य पदार्थको थोक मूल्य सूचकाङ्क ८.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो बर्षको सोही अवधिमा यस्तो वृद्धि ८.९ प्रतिशत रहेको थियो । यसैगरी, समीक्षा अवधिमा पेय पदार्थ तथा सुर्तीजन्य वस्तुहरुको थोकमूल्य सूचकाङ्कमा ८.८ प्रतिशतले वृद्धि आएको छ । अघिल्लो बर्षको सोही अवधिमा यस्तो वृद्धि १४.० प्रतिशत रहेको थियो ।

२२. आयातित वस्तुहरुमध्ये समीक्षा अवधिमा पेट्रोलियम पदार्थ तथा कोइलाको मूल्य सूचकाङ्क सवैभन्दा वढी १५.९ प्रतिशतले बृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सूचकाङ्कमा १६.७ प्रतिशतले ह्रास भएको थियो । समीक्षा अवधिमा विद्युत तथा विद्युतीय समाग्री, रासायनिक मल तथा रासायनिक वस्तु र यातायात तथा मेशिनरीको मूल्य सूचकाङ्क क्रमशः ६.४ प्रतिशत, ३.७ प्रतिशत र २.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी सूचकाङ्कहरुमा क्रमशः ६.२ प्रतिशत, ७.९ प्रतिशत र ०.४ प्रतिशतले ह्रास आएको थियो ।

## राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

२३. समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क १४.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क २२.२ प्रतिशतले बढेको थियो । अघिल्लो वर्षको सोही अवधिमा ३२.८ प्रतिशतले वृद्धि भएको तलव सूचकाङ्कमा समीक्षा अवधिमा कुनै वृद्धि नभएतापनि ज्यालादर सूचकाङ्कमा भएको वृद्धिको कारण समग्र तलव तथा ज्यालादर सूचकाङ्कमा वृद्धि देखिएको हो । समीक्षा अवधिमा ज्यालादर सूचकाङ्क २०.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यो सूचकाङ्क १८.९ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा ज्यालादर अन्तर्गत कृषि मजदुर, औद्योगिक मजदुर र निर्माण मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः २७.३ प्रतिशत, ७.७ प्रतिशत र १७.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सूचकाङ्क क्रमशः २१.७ प्रतिशत, १६.५ प्रतिशत र ११.८ प्रतिशतले वृद्धि भएको थियो ।

## सरकारी वित्त स्थिति *

### बजेट घाटा/बचत

२४. आर्थिक वर्ष २०६७/६८ को चार महिनासम्ममा सरकारी बजेट रू. ४ अर्ब ६४ करोडले बचतमा रहेको छ । समीक्षा अवधिमा राजस्व परिचालनको वृद्धिदरको तुलनामा चालू तथा पूँजीगत खर्चको वृद्धिदरमा कमी आएको कारण सरकारी बजेट बचतमा रहेको हो । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रू. ३ अर्ब ४० करोडले बचतमा रहेको थियो ।

### सरकारी खर्च

२५. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्चमा १.८ प्रतिशतले वृद्धि आई रू. ५१ अर्व ५४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च ३६.५ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा चालू खर्च ०.९ प्रतिशतले मात्र वृद्धि भएको तथा पूँजीगत खर्चको वृद्धिदर ३.८ प्रतिशतले ऋणात्मक रहेको कारण कुल सरकारी खर्चको वृद्धिदर अघिल्लो वर्षको सोही अवधिको तुलनामा घटेको छ । बार्षिक बजेट सार्वजनिक हुन भएको ढिलाईको कारण पनि समीक्षा अवधिमा कुल सरकारी खर्चको वृद्धिदरमा कमी आएको हो ।

### सरकारी राजस्व

२६. आर्थिक वर्ष २०६७/६८ को चार महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन ९.८ प्रतिशतले वृद्धि भई रू. ५१ अर्व २५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा राजस्व ४१.६ प्रतिशतले वृद्धि भई रू. ४६ अर्व ६९ करोड पुगेको थियो । बार्षिक बजेट सार्वजनिक हुन भएको ढिलाईको प्रभावका साथै आयात विस्तारको वृद्धिदर अघिल्लो वर्षको सोही अवधिको तुलनामा न्यून रहेकोले सरकारको राजस्व परिचालनको वृद्धिदरमा प्रभाव परेको देखिन्छ ।

२७. समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्वमा ३२.२ प्रतिशतले वृद्धि आई रू. २० अर्ब ६६ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त वृद्धिदर २९.९ प्रतिशत रहेको थियो ।

२८. समीक्षा अवधिमा नेपाल सरकारको भन्सार महसुलबाट प्राप्त हुने राजस्व ६.५ प्रतिशतले वृद्धि भई रू. १० अर्ब ९८ करोड पुगेको छ । अघिल्लो वर्ष सो राजस्व ४२.९ प्रतिशतले वृद्धि भएको थियो । बार्षिक बजेट सार्वजनिक हुन भएको ढिलाईको प्रभावका साथै आयात विस्तारको वृद्धिदर अघिल्लो वर्षको सोही अवधिको तुलनामा न्यून रहेकोले भन्सार महसुलबाट प्राप्त हुने राजस्व परिचालनको वृद्धिदरमा कमी आएको छ ।

२९. समीक्षा अवधिमा अन्तःशुल्क राजस्व १६.३ प्रतिशतले वृद्धि भई रू. ८ अर्ब ३९ करोड पुगेको छ । अघिल्लो वर्ष उक्त राजस्व ७३.७ प्रतिशतले वृद्धि भएको थियो । उच्च अन्तःशुल्क राजस्व लाग्ने सवारी साधनहरुको आयातको वृद्धिदर अघिल्लो वर्षको सोही अवधिको तुलनामा न्यून रहेकोले अन्तःशुल्क राजस्वको वृद्धिदरमा कमी आएको हो ।

३०. समीक्षा अवधिमा सरकारको आयकर राजस्व ३५.८ प्रतिशतले वृद्धि भई रू. ६ अर्ब ८६ करोड पुगेको छ । अघिल्लो वर्ष उक्त राजस्व ३७.१ प्रतिशतले वृद्धि भएको थियो ।

३१. समीक्षा अवधिमा नेपाल सरकारको गैर-कर राजस्व ६०.९ प्रतिशतले कमी आई रू. २ अर्व १६ करोड पुगेको छ । अघिल्लो वर्ष गैर-कर राजस्व ६२.८ प्रतिशतले बढेको थियो । सरकारलाई प्राप्त हुने साँवा फिर्ता, वन क्षेत्र तथा पासपोर्ट शुल्कबाट प्राप्त हुने राजस्वमा कमी आएकोले गैर-कर राजस्वमा कमी आएको छ ।

---

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, सरकारी कारोवार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६५ शाखामध्ये ५२ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका ४२ शाखा मध्ये २६ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ५ वटा शाखाहरु, नेपाल वंगलादेश बैंक लिमिटेडको १ शाखा र ग्लोबल बैंक लिमिटेडको १ शाखाबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

### वैदेशिक नगद ऋण र अनुदान

३२. आर्थिक वर्ष २०६७/६८ को चार महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रू. १ अर्ब ३० करोड र वैदेशिक नगद अनुदानवापत् रू. ५ अर्ब ५४ करोड प्राप्त भएको छ । अघिल्लो वर्षको सोही अवधिमा ती शीर्षकहरुमा क्रमशः रू. १ अर्ब ११ करोड र रू. ४ अर्ब ८६ करोड प्राप्त भएको थियो ।

## वाह्य क्षेत्र

### वैदेशिक व्यापार

३३. आर्थिक वर्ष २०६७/६८ को चार महिनासम्ममा कुल वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा ८.३ प्रतिशतले वृद्धि भई रू. २१ अर्ब ६४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु निर्यात २२.९ प्रतिशतले घटी रू. १९ अर्ब ९७ करोडमा सीमित भएको थियो । मासिक रुपमा हेर्दा चालु आर्थिक वर्षको कार्तिक महिनामा कुल वस्तु निर्यातमा असोज महिनाको तुलनामा २३.१ प्रतिशतले गिरावट आएको छ ।

३४. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात समीक्षा अवधिमा १०.७ प्रतिशतले बढेको छ । यस्तो निर्यात अघिल्लो वर्षको सोही अवधिमा १८.९ प्रतिशतले घटेको थियो । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्ष २८.५ प्रतिशतले घटेको विपरित समीक्षा अवधिमा ४.६ प्रतिशतले वृद्धि भएको छ । भारततर्फ मुख्यतयाः एम एस पाइप, धागो, जुटका सामान, प्लाष्टिकका सामान, तार, लत्ताकपडा, जिङ्क सीट, आर्युवेदिक औषधि र जुसको निर्यात बढेको कारण त्यसतर्फको निर्यातमा वृद्धि हुन गएको हो । त्यस्तै, अन्य मुलुकतर्फ विशेषगरी ऊनी गलैंचा, तयारी पोसाक, छाला तथा छालाका तयारी सामानहरुको निर्यातमा वृद्धि भएका कारण त्यसतर्फको निर्यातमा वृद्धि हुन गएको हो ।

३५. समीक्षा अवधिमा कुल वस्तु आयात २.० प्रतिशतले बढेर रू. १ खर्ब २१ अर्ब ३५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात २७.३ प्रतिशतले वृद्धि भई रू. १ खर्ब १८ अर्ब ९५ करोड पुगेको थियो । मासिक रुपमा हेर्दा कार्तिक महिनामा कुल वस्तु आयात असोज महिनाको तुलनामा ११.१ प्रतिशतले घटेको छ ।

३६. कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको चार महिनासम्म ३०.३ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा २७.७ प्रतिशतले बढेको छ । त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको २३.८ प्रतिशत वृद्धिको विपरित समीक्षा अवधिमा २८.४ प्रतिशतले ह्रास आएको छ । भारतबाट मुख्यतया पेट्रोलियम पदार्थ, एम एस बिलेट, रासायनिक मल, हटरोल्ड सिट इन क्वाइल, यातायातका साधन तथा यसका पार्टपूर्जा, अन्य मेसिनरी तथा पार्टस, औषधि, विजुलीका सामान र तरकारीको आयात बढेको छ । अन्य मुलुकबाट विशेषगरी सुन, सुपारी, पोलिथिन ग्रयानुयल्स, स्टिलका रड र पाता, भटमासको कच्चा तेल, धागो र विजुलीको सामानको आयातमा कमी आएको छ ।

३७. चालु आर्थिक वर्षको चार महिनासम्ममा कुल वस्तु व्यापार घाटा ०.७ प्रतिशतको सीमान्त वृद्धि भई रू. ९९ अर्ब ७१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु व्यापार घाटा ४६.५ प्रतिशतले वढेको थियो । कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको घाटा समीक्षा अवधिमा ३१.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा भारतसंगको यस्तो घाटा ५१.७ प्रतिशतले वढेको थियो । त्यस्तै, अघिल्लो वर्षको चार महिनासम्ममा ४१.१ प्रतिशतले बढेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा अवधिमा ३३.९ प्रतिशतले घटेको छ ।

३८. निर्यात व्यापारमा आएको सुधार तथा आयात व्यापारको वृद्धिदरमा भएको कमीको कारण समीक्षा अवधिमा निर्यात-आयात अनुपात १७.८ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १६.८ प्रतिशत रहेको थियो ।

## शोधनान्तर

३९. आर्थिक वर्ष २०६७/६८ को चार महिनासम्ममा समग्र शोधनान्तर स्थिति रू. ५ अर्व ३ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा रू. १५ अर्व ७८ करोडले शोधनान्तर घाटामा रहेको थियो । आर्थिक वर्ष २०६७/६८ को चार महिनासम्ममा चालू खाता रू. १ अर्ब ९२ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा भने चालू खाता रू. १४ अर्ब ७८ करोडले घाटामा रहेको थियो । खासगरी व्यापार घाटाको वृद्धिदरमा आएको कमी तथा ट्रान्सफर आय अन्तर्गत अनुदान तथा विप्रेषण आयमा भएको उत्साहजनक वृद्धिका कारण चालू खाता घाटा कम रहन गएको हो ।

४०. समीक्षा अवधिमा एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा अघिल्लो वर्ष ४८.९ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ०.४ प्रतिशतले सीमान्त वृद्धि भई रू. ९६ अर्ब ५५ करोड पुगेको छ । खुद सेवा खाता घाटा समीक्षा अवधिमा ३८.९ प्रतिशतले घटी रू. ३ अर्ब ५९ करोडमा झरेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा ६.० प्रतिशतले घटी रू. ५ अर्ब ८७ करोड रहेको थियो । त्यस्तै, खुद ट्रान्सफर आय अघिल्लो वर्षको तुलनामा १३.८ प्रतिशतले वृद्धि भई रू. ९५ अर्ब ५५ करोड पुगेको छ । ट्रान्सफर अन्तर्गत अनुदान १९.९ प्रतिशतले वृद्धि भई रू. ८ अर्ब ५२ करोड र पेन्सन आय ४.८ प्रतिशतले वृद्धि भई रू. १० अर्ब ८८ करोड पुगेको छ । त्यस्तै, विप्रेषण आप्रवाह अघिल्लो वर्षको सोही अवधिको ६.६ प्रतिशत वृद्धिको तुलनामा १३.६ प्रतिशतले बृद्धि भई रू. ७६ अर्ब ८८ करोड पुगेको छ । मासिकरुपमा हेर्दा चालू आर्थिक वर्षको असोज महिनाको तुलनामा कार्तिक महिनामा विप्रेषण आप्रवाह १६.३ प्रतिशतले घटेको छ । त्यसैगरी, समीक्षा अवधिमा वित्तीय खाता अन्तर्गत रू. ३ अर्ब ४२ करोडको प्रत्यक्ष वैदेशिक लगानी प्राप्त भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो लगानी वापत रू. ७४ करोड मात्र प्राप्त भएको थियो ।

## विदेशी विनिमय सञ्चिति

४१. २०६७ कार्तिक मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६७ असार मसान्तको रू. २६८ अर्व ९१ करोडको तुलनामा २.८ प्रतिशतले घटी रू. २६१ अर्व ४५ करोडमा सीमित हुन पुगेको छ । २०६६ कार्तिक मसान्तमा यस्तो सञ्चिति २०६६ असार मसान्तको तुलनामा १०.३ प्रतिशतले घटेर रू. २५७ अर्ब ७ करोड रहन गएको थियो । मासिकरुपमा हेर्दा चालू आर्थिक वर्षको कार्तिक महिनामा मात्रै रू. ४ अर्ब ३८ करोड विदेशी मुद्रा सञ्चिति थप भएको छ । कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०६७ असार मसान्तको रू. २०५ अर्ब ३७ करोडको तुलनामा २०६७ कार्तिक मसान्तमा ०.४ प्रतिशतले सीमान्त ह्रास आई रू. २०४ अर्ब ५५ करोडमा सीमित हुन पुगेको छ । अमेरिकी डलरमा भने बैंकिङ्ग क्षेत्रको कुल सञ्चिति २०६७ असारदेखि २०६७ कार्तिक मसान्तसम्ममा ०.५ प्रतिशतले सीमान्त वृद्धि भई अमेरिकी डलर ३ अर्ब ६३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति ९.१ प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०६७/६८ को चार महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ८.८ महिनाको वस्तु आयात र ७.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

४२. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६६ कार्तिक मसान्तमा प्रति व्यारल अमेरिकी डलर ७५.२२ रहेकोमा २०६७ कार्तिक मसान्तमा १४.५ प्रतिशतले वृद्धि भई प्रति व्यारल अमेरिकी डलर ८६.११ पुगेको छ । त्यसैगरी, सुनको मूल्य २०६६ कार्तिक मसान्तको तुलनामा २०६७ कार्तिक मसान्तमा २४.० प्रतिशतले बृद्धि भई प्रति आउन्स अमेरिकी डलर १३६८.५० पुगेको छ ।

४३. २०६७ असार मसान्तको तुलनामा २०६७ कार्तिक मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ३.३९ प्रतिशतले अधिमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ५.४७ प्रतिशतले अधिमूल्यन भएको थियो । २०६७ कार्तिक मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रू. ७२.०० पुगेको छ । २०६७ असार मसान्तमा उक्त विनिमय दर रू. ७४.४४ रहेको थियो ।